**नेपाल सरकार**
**गृह मन्त्रालय**
**सशस्त्र प्रहरी बल प्रधान कार्यालय**
**मानवश्रोत बिकास बिभाग,**
**(भर्ना तथा छनौट शाखा) हलचोक, स्वयम्भू काठमाण्डौ ।**

# नयाँ भर्ना सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०७३/०६/०५ गते, विज्ञापन नम्बर १-०७३/७४)

सशस्त्र प्रहरी बलमा रिक्त रहेको साधारण समुह तर्फका तल उल्लेखित पदहरु खुला प्रतियोगिताद्वारा पूर्तिका लागि देहाय बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट रु १० को टिकट टांसी (स्वयम् उपस्थित भई) दरखास्त आव्हान गरिन्छ ।

**१. दरखास्त फाराम बुझाउने मिति : २०७३/०६/०५ गते देखी २०७३/०७/०४ गते १७.०० बजे सम्म ।** (सार्वजनिक बिदाका दिनहरुमा समेत दरखास्त फाराम दर्ता गरिने छ)

**२. दरखास्त फाराम बुझाउने स्थान :**

- सशस्त्र प्रहरी बल प्रधान कार्यालय हलचोक, काठमाण्डौ ।
- पूर्व क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय बराह बाहिनी, पकली, सुनसरी ।
- मध्य क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय रुद्र बाहिनी, पथलैया, बारा ।
- पश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय मुक्तिनाथ बाहिनी, पोखरा, कास्की ।
- मध्य पश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय महेश्वरी बाहिनी, सुर्खेत ।
- सूदुर पश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय बैद्यनाथ बाहिनी, अत्तरीया, कैलाली ।

**३. सम्पर्क मिति :** (क) सशस्त्र प्रहरी निरीक्षक पदको लागि भर्ना तथा छनौट शाखा, सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोकमा मिति २०७३/०७/०८ गते विहान ११:०० वजे ।
(ख) सशस्त्र प्रहरी सहायक निरीक्षक पदको लागि फाराम दर्ता गरेको सम्बन्धित कार्यालयमा मिति २०७३/०७/०८ गते विहान ११:०० वजे ।

**४. आवश्यक पदहरु र न्यूनतम योग्यता :**

| सि.नं. | पद | उमेरको हद | आवश्यक न्युनतम योग्यता |
|---|---|---|---|
| १. | सशस्त्र प्रहरी निरीक्षक (साधारण समुह) | विज्ञापन प्रकाशित भएको दिन २१ बर्ष पुरा भई २५ बर्ष ननाघेको | (क) मान्यता प्राप्त विश्व विद्यालयबाट स्नातक वा सो सरहको उपाधी प्राप्त गरेको ।<br>(ख) पुरुषको हकमा उचाई कम्तीमा ५ फिट २ ईन्च र तौल कम्तीमा ५० के.जी. तथा महिलाको हकमा उचाई कम्तीमा ५ फिट र तौल ४२ के.जी भएको ।<br>(ग) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको ।<br>(घ) पुरुषको हकमा छाती नफुलाउंदा ३१ ईन्च र फुलाउंदा ३३ ईन्च भएको (महिलाको लागि नपर्ने) ।<br>(ङ) आँखा माईनस २ वा प्लस २ भन्दा वढी कमजोर नभएको ।<br>(च) प्रधान कार्यालयले तोकेको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको । (परीक्षाको क्रममा परीक्षण गरीने)<br>(छ) आफुले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदार बाहेकका अन्य दुई जना नेपाल सरकारको बहालवाला राजपत्रांकित अधिकृतबाट राम्रो चरित्रको सिफारीस पाएको ।<br>(ज) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको ।<br>(झ) दरखास्त दिंदाका बखत राजनितिक दलको सदस्य नरहेको ।<br>(ञ) आतंककारी संगठनको सदस्य नरहेको ।<br>(ट) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।<br>(ठ) मानव अधिकार र मानविय कानूनको उल्लंघनमा सजाय नपाएको ।<br>(ड) नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको । |
| २. | सशस्त्र प्रहरी सहायक निरीक्षक (साधारण समुह) | विज्ञापन प्रकाशित भएको दिन १८ बर्ष पुरा भई २३ बर्ष ननाघेको | (क) मान्यता प्राप्त विश्व विद्यालयबाट प्रमाणपत्र तह वा सो सरहको उपाधी प्राप्त गरेको ।<br>(ख) साधारण समुह तर्फको सशस्त्र प्रहरी निरीक्षक पदका लागि तोकिए बमोजिम (क) बाहेकका अन्य योग्यता पूरा भएको । |

**नोट :** उमेरको हदमा सशस्त्र प्रहरी सेवाको पदमा बहाल रही सशस्त्र प्रहरी जवान तथा सशस्त्र प्रहरी सहायक निरीक्षक पदको आधारभुत तालिम सम्पन्न गरेका सशस्त्र प्रहरी कर्मचारीहरुले साधारण समुह तर्फका पदहरुको हकमा प्रथम प्रटक विज्ञापन प्रकाशित मितिमा ३० वर्ष उमेर पुरा नभएसम्म सशस्त्र प्रहरी सेवाको खुला प्रतियोगिताद्वारा पुर्ति हुने पदको लागि उम्मेदवार हुन सक्नेछन् ।

५. आवश्यक पद संख्या :

| सि.नं. | पद | खुला तर्फ | अमर/अशक्त स.प्र.क. सन्तती | समावेशीतर्फ | | | | | जम्मा माग संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | आदीवासी /जनजाती | मधेसी | दलित | पि.क्षे. | |
| १. | सशस्त्र प्रहरी निरीक्षक | २९ | १ | ५ | ८ | ७ | ३ | १ | ५४ |
| २. | सशस्त्र प्रहरी सहायक निरीक्षक | १९ | १ | ३ | ५ | ५ | २ | १ | ३६ |

६. दरखास्त राजश्व (दस्तुर) :

| सि.नं. | पद | दस्तुर |
|---|---|---|
| १ | सशस्त्र प्रहरी निरीक्षक पदका लागि | दरखास्त फाराम बुझाउंदा रु.१०००।- दस्तुर बुझाउनु पर्ने छ । साथै समाबेशीतर्फ समेत दरखास्त दिने उम्मेदवारहरुको हकमा प्रत्येक समुहको २० प्रतिशतका दरले थप दस्तुर बुझाउनु पर्नेछ । |
| २ | सशस्त्र प्रहरी सहायक निरीक्षक पदको लागि | दरखास्त फाराम बुझाउंदा रु.३००।- दस्तुर बुझाउनु पर्ने छ । साथै समाबेशीतर्फ समेत दरखास्त दिने उम्मेदवारहरुको हकमा प्रत्येक समुहको २० प्रतिशतका दरले थप दस्तुर बुझाउनु पर्नेछ । |

७. **दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरु** : दरखास्त दिन आउँदा तल उल्लेखित कागजातहरुको प्रतिलिपी उम्मेदवार स्वयंले प्रमाणित गरी १/१ प्रतिका दरले फायलमा राखी पेश गर्नुपर्ने छ । दरखास्त दिन आउँदा पेश गरिने सबै कागजातहरुको सक्कल प्रति उम्मेदवार स्वयंले अनिवार्य रुपमा ल्याउनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।
(ख) हाल सालै खिचेको पासपोर्ट साईजको दुवै कान देखिने फोटो ३ प्रति ।
(ग) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी १/१ प्रति ।
(घ) आदिवासी/जनजातीका लागि नेपाल आदिवासी/जनजाती राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी/जनजाती भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।
(ङ) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।
(च) मधेसीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित भएको तर नेपाल राजपत्रमा सुचना प्रकाशन गरी संस्था नतोके सम्म सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारीसमा प्रमुख जिल्ला अधिकारीवाट मधेसी भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।
(छ) पिछडिएका क्षेत्रका लागि अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु, र हुम्ला जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाटनै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गाउं विकास समिति वा नगरपालिकाबाट दरखास्त दिंदाका बखतसम्म सोही स्थानमा स्थायी बसोवास भएको भन्ने सिफारिस गरिएको सक्कल प्रमाणपत्र १ प्रति ।
(ज) आफूले अध्ययन गरेको शिक्षण संस्था वा आफ्नो नातेदार बाहेक अन्य दुई जना नेपाल सरकारको बहालवाला राजपत्रांकित अधिकृतवाट राम्रो चरित्रको सक्कलै प्रमाण पत्र १/१ प्रति ।

८. **परीक्षा बिधि :**

**(क) प्रारम्भिक शारीरिक परिक्षण :**

**(अ) उचाई :** सि.नं. ४ मा उल्लेख भए बमोजिम न्यूनतम उचाई भएको ।

**(आ) तौल :** सि.नं. ४ मा उल्लेख भए बमोजिम न्यूनतम तौल भएको ।

**(इ) छाती :** सि.नं. ४ मा उल्लेख भए बमोजिम न्यूनतम छाती भएको (महिलाको लागि नपर्ने) ।

**(ई) साधारण वियरिङ्ग :** अंगभंग/हात खुट्टा बाङ्गो-टिङ्गो र औंलाहरू ठिक नभएको, घुंडा Knee Lock भएको अथवा Rickets भई फाटिएको, धेरै चेप्टो पैताला भएको, प्रष्ट बोली नभएको/भकभके, लठ्यौरो, दांत झरेको/२ वटा भन्दा बढी दांत किराले खाएको, ढाड कुप्रो भएको, शरीर पूरा झुकाउन नसक्ने, जिउ कोल्टे परेको, दुवी भएको, एक तिहाई भन्दा बढी कपाल झरेको/फुलेको वा रंगाएको, उचाई अनुसार हुनुपर्ने तौल भन्दा बढी तौल भएको, आँखा डेढो भएको, Colour blind भएको, शरीर मोटो तर हात खुट्टा झिनो देखिने, अनुहारमा १×१ से.मी. भन्दा ठुलो काटेको, पोलेको वा अन्य कुनै किसिमको दागहरू भएको, शरीरमा ट्याटु मार्क २.५×२.५ से.मी. भन्दा ठुलो बनाएको, नशा फुल्ने वा भेरिकोच भएको ।

**(ख) शारीरिक सहिष्णुता परिक्षा :**

| पदहरु | ३०० मीटर दौड | | सिटअप | | पुसअप | | चीनअप (महिलाको लागि नपर्ने) | २ माईल दौड | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | | पुरुष | महिला |
| सशस्त्र प्रहरी निरीक्षक | ५५ सेकेण्ड भित्र | ६५ सेकेण्ड भित्र | १० पटक | ३ पटक | १० पटक | ३ पटक | ३ पटक | १८ मिनेट | २२ मिनेट |
| सशस्त्र प्रहरी सहायक निरीक्षक | ५० सेकेण्ड भित्र | ६० सेकेण्ड भित्र | १५ पटक | ५ पटक | १५ पटक | ५ पटक | ५ पटक | १६ मिनेट | २० मिनेट |

**(ग) विस्तृत स्वास्थ्य परिक्षण :**

**(घ) आई क्यू.परीक्षा :** पूर्णाङ्क ५० साधारण समुह तर्फ स.प्र.नि.पदका लागि मात्र (लोक सेवा आयोगद्वारा लिईने छ)

**(ङ) लिखित परीक्षा :** निम्न अंकभार सहितका बिषयहरुको लिखित परीक्षा लोक सेवा आयोगद्वारा लिईने छ।

| सशस्त्र प्रहरी निरीक्षक | सशस्त्र प्रहरी सहायक निरीक्षक |
|---|---|
| (१) नेपाली (पूर्णाङ्क ५०) | (१) नेपाली रचना र अंग्रेजी (पूर्णाङ्क १००) |
| (२) अंग्रेजी (पूर्णाङ्क १००) | (२) सामान्य ज्ञान र आई.क्यू. (पूर्णाङ्क १००) |
| (३) सामान्य ज्ञान (पूर्णाङ्क ५०) | (३) संविधान र सेवा सम्बन्धी (पूर्णाङ्क १००) |
| (४) संविधान तथा कानूनहरु (पूर्णाङ्क ५०) | - |
| (५) सेवा सम्बन्धी (पूर्णाङ्क १००) | - |

**(च) गुणमापक परीक्षा :** (सशस्त्र प्रहरी निरीक्षक पदका लागि मात्र)

**(छ) विशेष स्वास्थ्य परिक्षण :**

**(ज) बोर्ड अन्तर्वार्ता :**

<u>पुनश्च :-</u>

(क) हरेक चरणको परीक्षा समाप्ती पछि नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को परीक्षामा सम्मिलित गराईनेछ।

(ख) साधारण समुह तर्फका सशस्त्र प्रहरी निरीक्षक पदका निमित्त सि.नं. २ मा उल्लेखित जुनसुकै कार्यालयमा दरखास्त फाराम बुझाएता पनि सम्पर्क लगायत सम्पूर्ण छनौट परीक्षाहरु सशस्त्र प्रहरी बल प्रधान कार्यालय हल्चोक स्वयम्भूमानै हुनेछ।

(ग) साधारण समुह तर्फका सशस्त्र प्रहरी सहायक निरीक्षकको पदको सम्पर्क लगायत प्रारम्भिक शारीरिक परिक्षण देखि लिखित परिक्षासम्म दरखास्त फाराम दर्ता गरिएको सम्बन्धित कार्यालयमा र लिखित परिक्षाको नतिजा प्रकाशन लगायत सो भन्दा पछिका परिक्षाहरु मानवश्रोत विकास विभाग, भर्ना तथा छनौट शाखा, सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा हुनेछ।

(घ) परिक्षा संचालन गर्दा खुला तथा समावेशी तर्फको एउटै परिक्षा संचालन गरिनेछ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फका उम्मेदवारहरु बीचमात्र छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

(ङ) लिखित र अन्तर्वार्ता परीक्षाको नतिजा प्रकाशन गर्दा निम्नानुसार क्रममा गरिने छ।

(१) खुला :

(२) अमर/अशक्त सशस्त्र प्रहरी कर्मचारी सन्तती :

(३) समावेशी :

(अ) महिला (आ) आदिवासी/जनजाती (इ) मधेसी (ई) दलित (उ) पिछडिएको क्षेत्र

(च) नियुक्ति पाएपछि सशस्त्र प्रहरी बल प्रधान कार्यालयवाट निर्धारण गरेको पाठ्यक्रम अनुसारको आधारभूत तालिम गर्नु पर्नेछ।

(छ) लिखित परीक्षाको नतिजा प्रकाशन हुनु पुर्व रिक्त हुन आएका पद समेत यसै बिज्ञापनमा समावेश गर्न सकिनेछ।

(ज) दरखास्त फाराम सशस्त्र प्रहरी बलको **website: <u>www.apf.gov.np</u>** बाट डाउनलोड गरेर वा फोटोकपी गरेर आवश्यक कागजपत्रहरु राखी बुझाउन सकिने छ।

(झ) छनौट परीक्षाको अवधीभर कुनै किसिमको दुर्घटना भएमा सो को जिम्मेवार उम्मेदवार स्वयं हुनेछ।

*नोट: उम्मेदवारहरुले आगामी परीक्षाको मिति, स्थान, समय र परीक्षाको नतिजा सशस्त्र प्रहरी बलको वेभ साईट www.apf.gov.np बाट तथा नेपाल टेलिकमको SMS सेवा मार्फत RCT <Space> दर्ता नं. टाईप गरी ११११४ मा SMS गरी जानकारी लिन सकिनेछ। तर प्राविधिक कारण बस नतिजा बाझिन गएमा आधिकारीक पत्रद्वारा प्रकाशित सुचना नै मान्य हुनेछ। साथै भर्ना तथा छनौट सम्बन्धी कुनै जानकारी लिनु परेमा भर्ना तथा छनोट शाखा, सशस्त्र प्रहरी वल प्रधान कार्यालयको फोन नं. ०१ - ४३०१५०७ मा सम्पर्क गर्न सकिने छ।*